2021. 09. 18

# SINGAPORE

## HISTORY OF REDEMPTION SEMINAR

Lecture 1

HORA
The History of Redemption for All Nations

उद्धारको इतिहास सम्मेलन १

## इतिहासको वंशावलीहरुको उद्धारको प्रशासन
## (१ इतिहास ६:४९-५३)

इतिहासका वंशावलीहरु १ इतिहासको १-९ अध्यायहरुमा उल्लेख गरिएको छ ।

**(१) उक्त वंशावलीहरुले उद्धारको इतिहासलाई करीब १,१५९ नामहरुमा द्रविभूत गरिएको छ ।**

| अध्याय १ | अध्याय २ | अध्याय ३ | अध्याय ४ | अध्याय ५ | अध्याय ६ | अध्याय ७ | अध्याय ८ | अध्याय ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १९१ | १६१ | ८९ | १४८ | ६० | ११९ | १४० | १२८ | १२३ | **११५९** |

**(२) इतिहासका वंशावलीहरुमा साराशिंत गरिएको बाइबलिय इतिहास अति विस्तृत छ ।**
यसले आदमदेखिको बेबिलोनी निर्वासनबाटको फर्काई सम्मको करीब ३,७०० वर्षको लामो इतिहासको अभिलेख राख्छ ।

**१. इतिहासको वंशावलीहरुमा भएको प्रत्येक अध्यायका सामग्रीहरु**

| | |
|---|---|
| अध्याय १ | आदमदेखि याकूब (एसाऊ) सम्मको वंशावली |
| अध्याय २ | **यहूदाका छोराहरुका वंशावली** |
| अध्याय ३ | यहूदाका राजाहरु, दाउदका छोराहरुको वंशावली |
| अध्याय ४ | **यहूदाको कुल,** शिमियोनको कुल |
| अध्याय ५ | रुवेनको कुल, गादको कुल, मनश्शेको अर्ध-कुल (यर्दनको पूर्वमा) |
| अध्याय ६ | **लेवी र पूजाहारीहरुको वंशावली** (१ इति. ६:५०-५३; प्रधान पूजारीको वंशावली) |
| अध्याय ७ | इस्साखारको कुल, **बेन्यामिको कुल**, नाप्तालीको कुल, मनश्शेको अर्ध-कुल, एफ्राइमको कुल, आशेरको कुल |
| अध्याय ८ | **वेन्यामिनको कुलको वंशावली** |
| अध्याय ९ | निर्वासनबाटको फर्काई, **पूजाहारी र लेवीहरुको वंशावली** |

**२. इतिहासको वंशावलीहरुको चरित्रहरु**

**(१) यहूदा र वेन्यामीन कुलहरुमाथी जोड**
यहूदा (अध्याय २, ४) र वेन्यामीन कुलहरु (अध्याय ७, ८) दुई पटक सूचिवद्ध गरिएको छ ।

**① किन ?**
सोलोमनको मृत्युपछि जब यहूदाको दक्षिणी राज्य र इस्रायलको उत्तरी राज्य टुक्रियो, दुई कुलहरु यहूदाको दक्षिणी राज्यमा समाहित भयो ।

> **१ राजा १२:२१** जब रहबाम यरूशलेममा आइपुगे, तब सोलोमनका छोरा रहबामको निम्ति राज्य फिर्ता लिन इस्राएलका घरानाको विरुद्धमा लड़ाइँ गर्न यहूदा र बेन्यामीनका कुलका एक लाख असी हजार योद्धाहरूलाई तिनले भेला गराए।

**② दक्षिणी राज्यसंग सम्बन्धित कुलहरुले के कुराको अर्थ लाग्छ ?**
यसले यो अर्थ लाग्छ कि दुई कुल परमेश्वरको करारसँग गाँसिएका थिए ।

२ शमूयल १७: १२- १३ मा भएको दाउदीय करारले यो प्रतिज्ञा गर्छ कि मशिह दाउदको संतानको रुपमा आउनु हुनेछ ।

> **२ शमूयल ७: १२- १३** "जब तेरो दिन पूरा हुनेछ, र तँ आफ्ना पित्रहरूसँग विश्राम गर्नेछस्, तब म तेरै सन्तानमध्येबाट, तेरै शरीरबाट एक जना, तेरो उत्तराधिकारी हुनलाई उठाउनेछु, र त्यसको राज्य स्थिर गराउनेछु। 13 त्यसले नै मेरो नाउँको निम्ति एउटा भवन बनाउनेछ, र म त्यसको राजकीय सिंहासन सधैँको निम्ति स्थिर गर्नेछु।

**③ करारमा रहनेहरुका लागि सबै थोक व्यवस्थित गरिएको र सुरक्षित गरिएको हुनेछ ।**

> **२ शमूयल २३: ५** "के मेरो घराना परमेश्‍वरसँग ठीक छैन र? के उहाँले मसँग सबै भागमा सुरक्षित र व्यवस्थित भएको एउटा अनन्त करार बाँध्नुभएको छैन र? के उहाँले मेरो उद्धारलाई फलवन्त बनाउनुहुनेछैन र? अनि मेरो प्रत्येक इच्छा पूरा गर्नुहुनेछैन र?

**(२) लेवी र पूजाहारीहरुको वंशावलीमा जोड**

लेवी र पूजाहारीहरुको वंशावली अध्याय **६ र ९ मा दोहोरिएका छन्** । विशेषगरी १ इतिहास ६ मा ८१ पदहरु छन् भने यो नै १ देखि ९ अध्यायहरुमा लामो अध्याय हो ? यसको कारण के हो त ?

**① लेवीहरु** परमेश्‍वरको पवित्र वासस्थानको सम्पूर्ण सेवाको लागि नियूक्ति गरिएका थिए ।

> **१ इतिहास ६: ४८** तिनीहरूका कुटुम्ब लेवीहरू पवित्र वासस्थान, परमेश्‍वरको भवनका सबै अरू कामका निम्ति समर्पित भएका थिए।

यसले आज परमेश्‍वरको मण्डलीको हाम्रो सेवाको महत्वलाई दर्शाउँछ ।

> **कलस्सी १: २४** अब तिमीहरूका खातिर मेरा दु:ख-भोगमा म आनन्द मनाउँदछु, र ख्रीष्टका कष्टहरूको कमीलाई उहाँको शरीरको खातिर, अर्थात् उहाँको मण्डलीको खातिर म आफ्नो देहमा पूरा गर्दछु।

**② पूजारीहरुले** होमबलिको वेदी र धूप वेदीका बलिदान चढाउने गर्थे ।

> **१ कोरिन्थ ६: ४९** तर हारून र तिनका सन्तानहरूले मात्र भेटीहरू चढाउने सबै काम, र इस्राएलका पापका लागि प्रायश्चित गर्नलाई परमेश्‍वरका दास मोशाका सबै आज्ञाअनुसार पूरा गर्नलाई होमबलिको वेदी र धूप वेदीका बलिदान चढाउने काम गर्थे।

आज, हामी परमेश्‍वरका पूजाहारीहरु हौं ।

> **१ पत्रुस २: ९** तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्‍वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्‍चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक।

यसले हाम्रो परमेश्‍वरलाई गरिने आराधना र प्रार्थनाको महत्वलाई औंल्याउँछ ।

कोहीपनि मानिस वचन र प्रार्थनाबिना चोखो हुँदैन ।

> **१ तिमोथी ४: ५** किनभने त्यो परमेश्‍वरको वचन र प्रार्थनाले चोखो तुल्याइन्छ।

**(३) यो वंशावली मत्ती १ मा भएको यशूको वंशावलीसंग जोडिन्छ ।**

(पहिलो पटक रेभ. अब्राहम पार्कले व्यवस्थित प्रकारले प्रस्तुत गर्नुभएको छ)

हिब्रु बाइबल (पुरानो करार) को अन्तिम पुस्तक नै इतिहासको पुस्तक हो ।
नयाँ करारको पहिलो पुस्तक मत्तीको पुस्तक हो ।
पुरानो र नयाँ कराहरु कसरी जोडिन्छन् ?
वंशावलीहरु मार्फत ।

**मत्ती १: १३ मा येरुबाबेलको सन्तानको रुपमा उल्लेखित "अबिउद" को हुन् ?** १ इतिहास ३ अध्याय अनुसार, येरुबाबेलको संतानहरुमध्य अन्तिम व्यक्ति चाहिँ होदबिया हुन् ।

| १ इति ३ | येरुबाबेल (पद १९) | हननियाह (पद १९) | शकन्याह (पद २१) | शमयाह (पद २२) | नार्याह (पद २३) | एल्योएनै (पद २४) | होदबिया (पद २४) |
|---|---|---|---|---|---|---|---|
| मत्ती १ | येरुबाबेल | -------------------------> | | | | | अबिउद |

**यसको आधारमा, होदबिया र अबिउद उही व्यक्ति हुन् ।**
होदबिया नै होदाइबाहु (הֽוֹדַוְיָהוּ) हो, जसको अर्थ "**परमप्रभुको महिमा (वैभव)**" हुन्छ ।
अबिहुद नै हिब्रुमा अबिहुद (אֲבִיהוּד) हुन्छ, जसको अर्थ "**पिताको महिमा (वैभव)**" हुन्छ ।

परमेश्वरको उद्धारीय ऐतिहाशिक प्रशासन अनुसार, १४ पुस्तालाई मिलाउन मत्तीको वंशावलीमा येरुबाबेल र होदबिया (अबिहुद) को बिचका ५ जनहरु गुम भएको छ ।

### ३. इतिहासका वंशावलीहरुमा जेठो छोराको दृष्टिकोण

> **१ इतिहास ५: १- २** याकूबको जेठो छोरो रूबेनका सन्तान यी हुन्। (उनी आफ्ना बुबाका रखौटीहरूमध्ये एउटीसित सुतेका हुनाले उनले ज्येष्ठ अधिकार गुमाए र ती अधिकार योसेफलाई दिइयो। २ यहूदा कुल सबैभन्दा बलियो भयो र यसैले सारा कुलको निमित्ति एउटा राजा उत्पन्न गऱ्यो।

**(१) रुबेन जैविक नेठा पुत्र हुन् ।**
जे भएता पनि, उनले आफ्नो जेष्ठाधिकार गुमाए किनभने उनले बाबुको ओच्यानलाई विटोलो तुल्याईदिए ( उत्पत्ति ४९: ३- ४) ।

> **उत्पत्ति ३५: २२** याकूब त्यस देशमा बसेको बेलामा उनको रखेल बिल्हासित रूबेन सुत्यो। त्यो सुनेर याकूब साह्रै रिसाए। याकूबका बाह्र छोराहरू थिए।

**(२) योसेफ चाहिँ आत्मिक जेष्ठपुत्र हो ।**
① विश्वसको अध्याय हिब्रु ११ मा, विश्वासको उत्तराधिकारीको रुपमा योसेफलाई याकूबको पछाडि सूचिबद्ध गरिएको छ ।

> **हिब्रु ११: २०- २२** विश्वासको भरमा इसहाकले याकूब र एसावलाई पछि हुने कुराका लागि आशीर्वाद दिए। २१ विश्वासकै भरले मर्ने बेलामा याकूबले योसेफका दुई छोराहरूलाई आशीर्वाद दिए अनि लौरोमा अडिएर परमेश्वरलाई भक्ति चढाए। २२ विश्वासकै भरले योसेफले आफू मर्ने बेलामा इस्राएलीहरूले मिश्रदेश छोड्ने विषयमा भनेका थिए। उनले तिनीहरूलाई आफ्नो मृत देहलाई के गर्नुपर्ने हो, त्यो पनि भनेका थिए।

② उत्पत्तिको पुस्तकमा योसेफको वंशावली उल्लेख गरिएको छैन ।

> **उत्पत्ति ४८: ५- ६** "याकूबले अझै भने "योसेफ, म यहाँ आउनुभन्दा अघि मिश्रमा जन्मेका तेरा छोराहरू पनि मेरा हुन्। रूबेन र शिमियोनझैँ एफ्राइम र मनश्शे पनि मेरा छोरा हुन्। 6 तेरा अरू छोराहरू भए भने ती मेरा छोरा मानिनेछैनन्, तिनीहरूले एफ्राइम र मनश्शेद्वारा अधिकार पाउनेछन्।

यो समयदेखि, योसेफ र उनका **दुई छोराहरु - एफ्राइम र मनश्शे -** लाई वंशावलीबाट हटाइएको छ, **जो योसेफको सट्टा बाह्र कूलमा सहभागि भएका छन्** ।

③ "तिनीहरु पछाडि जन्मेका तपाईंका संतान" को हो ?

**(३) यहूदा नै वंशानूगत जेठो छोरा हो ।**

> **१ इतिहास ५: २** यहूदा कुल सबैभन्दा बलियो भयो र यसैले सारा कुलको निमित्ति एउटा राजा उत्पन्न गऱ्यो (यद्यपी जेष्ठ अधिकार योसेफको थियो)।

**१ इतिहास ४: १** यहूदाका केही सन्तान यिनै हुन्- फारेस, हेस्रोन, कर्मी, हूर र शोबाल।
**मत्ती १: २** अब्राहामका छोरा इसहाक थिए, इसहाकका छोरा याकूब, याकूबका छोराहरू यहूदा र उनका दाजुभाइहरू थिए।

वंशावली अनुसार, येशू यहूदाको कूलमा आउनुभयो, तर वास्तवमा, उहाँ वंशावलीबिना नै आउनुभयो किनभने **उहाँ पवित्र आत्माद्वारा गर्भधारण हुनुभयो।**

**मत्ती १: १८** अब येशू ख्रीष्टको जन्म यसरी भयो- उहाँकी आमा मरियमको योसेफसँग विवाह हुने कुरा छिनिसकेको थियो। उनीहरूको विवाह हुनुभन्दा पहिले नै मरियम पवित्र आत्माबाट गर्भवती भएकी थिइन्।

### ४. याबेशको वंशावलीमा जोड

इतिहासको वंशानुक्रमहरु जब नामहरुको निरन्तरता हुन्छ, याबेश अद्वितिय छ जहाँ उनको बारेमा एउटा विस्तृत रुपमा व्यक्तिगत विवरण छ ।

**(१) याबेश यहूदाका संतति हुन्।**

इतिहासको वंशक्रमले यहूदाको संततिहरुलाई जोड दिन्छ, जसमा विशेष गरी याबेशमा । यो सन्दर्भमा, इतिहासको वंशावलीहरुमा **याबेशलाई ज्यक्तिगत रुपमा अति नै जोड दिइएको छ** ।

**१ इतिहास ४: ९- १०** याबेश नाम गरेका एक जना मानिस थिए। आफ्नो परिवारमा उनको बडो इज्जत थियो। आमाले चाहिँ उनलाई याबेश नाम दिएकी थिइन् किनभने उनी जन्मँदा आमाले धेरै कष्ट पाएकी थिइन्। १० तर याबेशले इस्राएलका परमेश्‍वरलाई प्रार्थना गरे, "परमेश्‍वर, मलाई आशिष् दिनुहोस् र धेरै इलाका दिनुहोस्। मसित रहनुहोस् र मलाई पिराउने खराबीबाट बचाउनुहोस्।" अनि परमेश्‍वरले उनको बिन्तीअनुसार उनलाई दिनुभयो।

**(२)याबेशले ती सबै इस्राएलीहरुको प्रतिनिधित्व गर्छ जो बेबेलोनी निर्वासनबाट फर्कर आए।**

| याबेश | बेबिलोनबाट इस्राएलीहरुको फर्काई |
|---|---|
| कष्टमा जन्मे (१ इतिहास ४: ९) | भर्खर अति कष्टको ठाउँ, बेबिलोनबाट फर्केका |
| उनको आग्रहलाई परमेश्वरले स्वीकार्नुभयो (१ इति ४:१०)<br>अनि उनी आदरणीय हुन पुगे (१ इति ४:९) | परमेश्वरले हाम्रो अग्रह स्वीकार्नु हुँदा आदरणीय हुन सक्छौं |
| <प्रार्थना><br>① वास्तवमा मलाई आशिष दिनुहोस्<br>② अनि मेरो सिमा बढाईदिनुहोस्<br>③ तपाईंका हात ममाथि परोस्<br>④ अनि मलाई नोक्सानीबाट जोगाउनुहोस्<br>⑤ ताकि यसले मलाई कष्ट नपुऱ्याओस् ! | यो नै हाम्रो पनि प्रार्थना हुनुपर्छ । |

① हिब्रुमा "कष्ट" चाहिँ *ओत्सेभ* हो (עֹצֶב).
यो शब्द बेबिलोनमा निर्वासनको समय इस्राएलीहरुको दु:खलाई वर्णन गर्न प्रयोग गरिएको थियो ।

**यशैया १४: ३** परमप्रभुले इस्राएलका प्रजालाई दु:ख-कष्ट (עֹצֶב) र तिनीहरूले गर्नुपरेको कठिन परिश्रमबाट छुटकारा दिनुहुनेछ।

② "आदरणीय" चाहिँ *काभेड* (כָּבֵד) हो, जसको अर्थ "महिमित हुनु" हो ।

यो शब्द इस्राएलीहरुलाई बेबिलोनी निर्वासनबाट स्वतन्त्र गर्ने र उनीहरुलाई महिमित तुल्याउने परमेश्वरको प्रतिज्ञामा प्रयोग भएको थियो ।

> **यशैया ४३: ४** "4 तेरो प्राण बचाउन तेरो सट्टामा म सबै जातिहरू दिनेछु किनभने तँ मेरो निमति अति बहुमूल्य छस्। अनि मैले तँलाई आदर(כָּבֵד) दिएको छु र प्रेम गर्दछु।

जब हामी बेबिलोन जस्तो यो संसारबाट स्वतन्त्र भई स्वर्गको राज्यमा प्रवेश गर्छौं, हाम्रा सबै दु:ख र कष्ट चाहिँ अन्त हुन्छ, र हामी आदरणीय हुन आउँछौं ।

> **प्रकाश १८: ४** यसपछि आकाशबाट यसो भन्ने अर्को एउटा सोर मैले सुनें, "हे मेरा मानिसहरू हो! त्यसदेखि अलग होओ। त्यसको पापमा सहभागी नहोओ। त्यसको सजाय तिमीहरूमाथि नपरोस्

**निचोडः जोड चाहिँ हाम्रा प्रधान पूजाहारी, येशू ख्रीष्टमा**

**(१)** इतिहासको वंशावलीहरुको **chiastic** संरचना

क १ इतिहास १:१-५४; इस्राएलको सामुन्य संसार (इस्राएलको जरा)
ख १ इतिहास २: १-२; इस्राएलका सबै छोराहरु
ग १ इतिहास २:३-४:२३; यहूदा - राजा दाउदको कूल
घ १ इतिहास ४:२४-५:२६; इस्राएलका कूलहरु
ङ १ इतिहास ६:१-४७; प्रधान पूजाहारी र लेविका संततिहरु
**च १ इतिहास ६:४८-४९; पूजाहारीहरुका जिम्मेवारी**
**च' १ इतिहास ६:५०-५३; प्रधान पूजाहारीहरु**
ङ' १ इतिहास ६:५४-८१; बसोबासमा लेविका संततिहरु
घ' १ इतिहास ७:१-४०; इस्राएलका कूलहरु
ग' १ इतिहास ८:१-४०; बेन्यामिन - राजा शाउलको कूल
ख' १ इतिहास ९:१क; गणना गरिएका सबै इस्राएलीहरु
क' १ इतिहास ९:१ख-३४; इस्राएलको पुन:स्थापना

**(२) बढि जोड प्रधान पूजाहारी पनको वंशावलीमा**

① मल्कीसेदेकको दर्जा अनुसार येशू नै प्रधान पूजाहारी हुनुहुन्छ ।

> **हिब्रु ६: २०** हाम्रो लागि येशू हामीभन्दा अघि नै त्यस ठाउँमा गएर बसिसक्नुभएको छ। मल्कीसेदेक पूजाहारीजस्तै उहाँ सधैँको लागि प्रधान पूजाहारी हुनुभएको छ।

② मल्कीसेदेकको दर्जा वंशावलीबिनाको छ ।

> **हिब्रु ७:१-३** मल्कीसेदेकचाहिँ शालेमका राजा र सर्वोच्च परमेश्वरका पूजाहारी थिए। अब्राहामले चार जना राजाहरूलाई लडाइँमा हराएर फर्कंदैगर्दा मल्कीसेदेकले उनलाई भेटेर आशीर्वाद दिए। 2 अब्राहामले राजाहरूलाई जितेर ल्याएका सबै धनको दशांश मल्कीसेदेकलाई दिए। मल्कीसेदेक नाउँको अर्थ 'धार्मिकताको राजा' हो र उनी शालेमका राजा भएकोले उनको नाउँले 'शान्तिका राजा' भन्ने पनि बुझाउँछ। 3 मल्कीसेदेकका बुबा, आमा र पिता–पुर्खा कसैको बारेमा केही जानकारी छैन। उनको जन्म र मरणको बारेमा पनि केही जानकारी छैन। परमेश्वरका पुत्रजस्तै उनी सदाकालका पूजाहारी हुन्।

③ देह हुन, येशू पवित्र आत्माद्वारा गर्भधारण हुनुभएको थियो ।

> **मत्ती १: १८** अब येशू ख्रीष्टको जन्म यसरी भयो- उहाँकी आमा मरियमको योसेफसँग विवाह हुने कुरा छिनिसकेको थियो। उनीहरूको विवाह हुनुभन्दा पहिले नै मरियम पवित्र आत्माबाट गर्भवती भएकी थिइन्।

अत्यावश्यक रुपमा, त्यसकारण, येशू वंशाणुक्रमबिनाको हुनुहुन्छ ।

④ परमेश्वरको राज्यमा प्रवेश गर्न हामी पनि मल्कीसेदेकको दर्जा अनुसार भएकै हुनुपर्दछ ।

**यूहन्ना १: १२** तर जतिले उहाँलाई ग्रहण गरे र उहाँमाथि विश्वास गरे, तिनीहरूलाई उहाँले परमेश्वरको सन्तान हुने हक दिनुभयो।

**यूहन्ना ३:५** येशूले जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्छु, पानी र आत्माबाट नजनमिएसम्म कोही पनि परमेश्वरको राज्यमा पस्न सक्दैन।

**१ कोरिन्थ १२:३** परमेश्वरको आत्मामा चल्ने मानिस कसैले पनि "येशूलाई धिक्कार!" भन्दैन अनि पवित्र आत्माले भन्न नलाउनुभएसम्म कसैले पनि "येशू नै प्रभु हुनुहुन्छ," भन्दैन भनी म तिमीहरूलाई जनाउन चाहन्छु।

**मत्ती १०: ३७- ३८** "मलाई भन्दा आफ्ना आमा–बुबालाई बढी माया गर्ने मानिस मेरो चेला बन्ने लायकको हुँदैन। त्यसै गरी मलाई भन्दा आफ्ना छोरा–छोरीलाई बढी माया गर्ने पनि मेरो चेला बन्ने लायकको हुँदैन। 38 आफ्नो क्रूस बोकेर मेरो पछिपछि नहिँड्ने मानिस मेरो चेला बन्ने लायकको हुँदैन।

2021. 09. 18

# SINGAPORE

## HISTORY OF REDEMPTION SEMINAR

Lecture 2

HORA
The History of Redemption for All Nations

उद्धारको इतिहास सम्मेलन २

# येशू ख्रीष्ट, अनन्तका प्रधान पूजाहारी

**(१ इतिहास ४: ९-१०)**

हिब्रुमा प्रधान पूजाहारीलाई कोहेन गाडोल (כֹּהֵן גָּדוֹל)हो जसको अर्थ "ठूलो, महान पूजाहारी" अनि कोहेन रोश (כֹּהֵן רֹאשׁ) हो र जसको अर्थ हुन्छ "प्रमुख पूजाहारी"।

> **लेवी २१:१०** "शिरमा अभिषेकको तेल खन्याएर मुख्य पूजाहारीलाई पूजाहारीको वस्त्र पहिरनलाई अर्पण गरिएको हुन्छ, यसैले आफूले शोक गरेको कुरा प्रकट गर्नलाई उसले आफ्नो केश नकोरी खुल्ला छोड्नु वा लाएको कपडा च्यात्नुहुँदैन।

पुरानो करारमा भएको प्रधान पूजाहारीले येशू, साँचो प्रधान पूजाहारीलाई पूर्वचित्रण गर्छ।

> **हिब्रु ३:१** त्यसैकारण परमेश्वरले बोलाउनुभएका पवित्र दाजुभाइहरू हो, राजदूत र प्रधान पूजाहारी भनेर हामीले मानेका येशूमा मन लगाओ।

येशू हाम्रा अनन्तका प्रधान पूजाहारी हुनुहुन्छ।

> **हिब्रू ६:२०** हाम्रो लागि येशू हामीभन्दा अघि नै त्यस ठाउँमा गएर बसिसक्नुभएको छ। मल्कीसेदेक पूजाहारीजस्तै उहाँ सधैँको लागि प्रधान पूजाहारी हुनुभएको छ।
> **भ.सं. ।** परमप्रभुले एउटा गम्भीर प्रतिज्ञा गर्नुभयो र त्यो बदर हुन्न, "मल्कीसेदेकको दर्जामा तिमी नै सधैँभरि पुरोहित रहनेछौ।"

## १. मानिसबाट नै प्रधान पूजाहारी छानिन्थ्यो

### (१) पुरानो करारमा भएको प्रधान पूजाहारी एउटा मानिस थियो।

> **हिब्रु ५:१** कुनै पनि प्रधान पूजाहारी मानिसहरूबाटै छानिन्छन्, मानिसका तर्फबाट परमेश्वरकहाँ पापबलि र अरू थोक चढाउन खटिएका हुन्छन्।

**① मानिसहरुकै बिचबाट प्रधान पूजाहारी छानियो।**

हिब्रु ५:१ मा, "छानिन्छन्" भन्ने शब्द **λαμβάνω**(*लाम्बानो*) को कर्म वाच्य हो, जसको अर्थ "पकडिनु, छानिनु" हो।

**② उनले दुवै भेटी र वलिदानहरु चढाउँछन्।**

> **हिब्रु ५:१** कुनै पनि प्रधान पूजाहारी मानिसहरूबाटै छानिन्छन्, मानिसका तर्फबाट परमेश्वरकहाँ पापबलि र अरू थोक चढाउन खटिएका हुन्छन्।
> **हिब्रु ८:३** किनकि हरेक प्रधान पूजाहारी भेटी र बलिदान चढाउन नियुक्त भएका हुन्छन्। यसकारण यी प्रधान पूजाहारीसँग पनि अर्पण गर्ने केही सामग्री हुनु आवश्यक छ।

### (२) येशू त्यो प्रधान पूजाहारी हुनुहुन्छ जो परमेश्वर हुनुभए तापनि मानिसको रुपमा आउनुभयो।

> **यूहन्ना १:१** आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो।
> **यूहन्ना १:१४** अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।

**① अपरिवर्तनिय पूजाहारी पद (प्रधान पूजाहारी परिवर्तन हुँदैन)**

> **हिब्रू ७:१२** किनकि पूजाहारी पद बद्लिँदा व्यवस्था पनि बद्लिनैपर्छ।

**② अनन्तका प्रधान पूजाहारी**

**हिब्रू ६:२०** 20 हाम्रो लागि येशू हामीभन्दा अघि नै त्यस ठाउँमा गएर बसिसक्नुभएको छ। मल्कीसेदेक पूजाहारीजस्तै उहाँ सधैँको लागि प्रधान पूजाहारी हुनुभएको छ।

**(३) उद्धारपूर्ण-ऐतिहासिक महत्व**

① येशू मात्र परमेश्‍वर र मानिसबिचको साँचो मध्यस्थकर्ता हुनुहुन्छ ।

**१ तिमोथी २: ५** परमेश्‍वर एउटै हुनुहुन्छ अनि मानिसहरूलाई परमेश्‍वरमा ल्याउने पनि एउटै मध्यस्थ हुनुहुन्छ। यो मध्यस्थ मानिसचाहिँ ख्रीष्ट येशू हुनुहुन्छ।

② केवल येशू मात्र पापरहित हुनुहुन्छ ।

**हिब्रू ७:२७** अरू प्रधान पूजाहारीहरूले गरेजस्तै उहाँले आफ्नो र अरूको पापलाई मेट्‌न दिनदिनै बलि चढाइरहनुपर्दैन किनभने उहाँले सधैँभरि पुग्ने गरी एकै चोटि आफैंलाई बलि चढाउनुभयो।
**हिब्रू ४:१५** हाम्रा प्रधान पूजाहारी हाम्रो कमजोरीलाई बुझिदिन नसक्ने पूजाहारी हुनुहुन्न। हाम्रा पूजाहारी पापले फसाउने सबै कुरामा हामीजस्तै जाँचिनुभयो, तर पाप गर्नुभएन।
**२ कोरिन्थ ५:२१** किनकि हामी उहाँमा परमेश्‍वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्‍वरले हाम्रा खातिर पाप बनाउनुभयो।

**२. प्रधान पूजाहारी पवित्र स्थानमा वर्षमा एक पटक प्रवेश गर्छन्**

**(१) उनी कहिले प्रवेश गर्छन् ? - सातौं महिनाको दशौं दिन, प्रायश्चितको दिन**

**हिब्रू ९:७** तर भित्रपट्टिको कोठामा भने प्रधान पूजाहारी मात्रै एकलै वर्षमा एक चोटि जान्छन्, सो पनि रगत नलगी होइन। त्यो रगत उनले आफ्नो निम्ति र मानिसहरूका पापको निम्ति चढ़ाउँछन्।
**लेवी २५:९** अनि सातौँ महिनाको दशौँ दिन चर्को बज्ने तुरही बजाउन लगाउनू। प्रायश्चितको दिनमा तिमीहरूको देशभरि त्यो तुरही बजाउन लगाउनू।
**लेवी १६:२९** "तिमीहरूका निम्ति यो अनन्तको विधि होस्। सातौँ महिनाको दशौँ दिनमा तिमीहरूले आफू-आफूलाई इन्कार गर्नू*। चाहे घरमा जन्मेको होस्, चाहे तिमीहरूका बीचमा वास गर्ने परदेशी होस्, कसैले पनि कुनै किसिमको काम नगर्नू,

(२) **उनी कति पटक पवेश गर्छन् ? - ४ पटक**

**① पहिलो, उनी धुपौरो लिएर ।**

**लेवी १६: १२** त्यसले परमप्रभुको सामुन्नेको वेदीबाट आगोका फिलिङ्गाहरूले भरिएको धुपौरो र मसिनो गरी कुटेको सुगन्धित धूप मुट्ठीभरि लिएर पर्दाभित्र ल्याओस्।

**यसले यो देखाउँछ कि प्रार्थना विहिन भएको सन्दर्भमा उनी मर्नेथिए ।**

**प्रकाश ५:८** जब उहाँले त्यो मुट्ठो लिनुभयो, तब ती चारै जीवित प्राणी र चौबीसै धर्म-गुरुहरू थुमाको सामुन्ने घोप्टो परे। प्रत्येकको हातमा वीणा र धूपले भरिएका सुनका पात्रहरू थिए, जो सन्तहरूका प्रार्थना हुन्। (प्रकाश ८:३-५)
**भ.सं. १४१:२** मेरो प्रार्थना तपाईंको सामुन्ने सुगन्धित धूपजस्तै होस्, र मैले आफ्ना हात उचाल्दा, त्यो बेलुकीको बलिजस्तै ठहरिओस्।

**② दोस्रो, उनी साँढेको रगत लिएर जान्छन् ।**

**लेवी १६:१४** त्यसपछि त्यसले साँढ़ेको रगतबाट केही लिएर आफ्नो औँलाले कृपा-आसनमाथि छर्कोस्, अनि कृपा-आसनको सामुन्ने आफ्नो औँलाले त्यो रगत सात पल्ट छर्कोस्।

**सात पटकको रगत छर्काईले सिद्ध प्रायश्चितको प्रतिनिधित्व गर्छ ।**

**लेवी १६:११** "हारूनले आफ्नो पापबलिको साँढ़े ल्याओस्, अनि आफ्नो र आफ्नो घरानाको निम्ति प्रायश्चित गरोस्। त्यसले आफ्नो पापबलिको निम्ति साँढ़े मारोस्।

**③ तेस्रो, उनी बोकाको रगत लिएर जान्छन् ।**

**लेवी १६:१५** "तब त्यसले मानिसहरूका निमित्त पापबलिको बोका मारोस्, र त्यसको रगत पर्दाभित्र ल्याएर साँढ़ेको रगतजस्तै कृपा-आसनमाथि र कृपा-आसनको सामुन्ने छर्कोस्।

**④ चौंथो, उनले धुपौरो ल्याउँछन् ।**

उनले पहिले लगेको धुपौरो ल्याउँछन्नुहुन्छ (मिस्ना, योमा ५:१; ८:४)

**(३) अति पवित्र स्थानबाट तेस्रो फर्केर आएदेखि चौंथो पटकको प्रवेश बिचको समयमा प्रधान पूजाहारीले के गर्छन्:**

**① उनले छाडिने बोकामाथि आफ्नो हात राख्छन्**

**लेवी १६:२१** अनि हारूनले आफ्ना दुवै हात जिउँदो बोकाको टाउकोमा राखोस्, र इस्राएलीहरूका सारा अधर्म, अपराध र पाप स्वीकार गरेर बोकाको टाउकोमाथि राखिदिओस्। त्यसले ती पापहरू बोकाको टाउकोमा राखेर त्यसलाई अघिबाट खटाइराखेको मानिसको साथ उजाड़-स्थानमा पठाइदिओस्।

**② अनी उनले महा पवित्र स्थानमा जाँदा लगाएको सुति कपडा फुकाल्छन् ।**

**लेवी १६:२३** त्यसपछि हारून भेट हुने पालमा गएर महा-पवित्रस्थानमा जाँदा त्यसले लाएका सूती लुगाहरू फुकालेर त्यहीँ छोड़ोस्।

**③ उनले पानीले नुहाउँछन् र पूजाहारीले लगाउने आफ्नो वस्त्र लगाउँछन् (बहुमुल्य पूजाहारीको वस्त्र) ।**

**लेवी १६:२४** त्यसले आफ्नो शरीर कहीँ चोखो ठाउँमा पानीमा नुहाओस्, र आफ्ना निज लुगाहरू लाएर आओस्। अनि आफ्नै लागि र मानिसहरूका लागि होमबलि चढ़ाईकन प्रायश्चित गरोस्।

**④ उनी होमबलि चढाउँछन् (दैनिक भेटी)।**

**लेवी १६:२४** त्यसले आफ्नो शरीर कहीँ चोखो ठाउँमा पानीमा नुहाओस्, र आफ्ना निज लुगाहरू लाएर आओस्। अनि आफ्नै लागि र मानिसहरूका लागि होमबलि चढ़ाईकन प्रायश्चित गरोस्।
**यूहन्ना १३:१०** येशूले तिनलाई भन्नुभयो, "नुहाइसकेको मानिसलाई गोडाबाहेक अरू केही धुनुपर्दैन, त्यो सम्पूर्ण शुद्ध छ। अनि तिमीहरू शुद्ध छौ, तर सबै त होइन।"

**⑤ उनी नयाँ सूतिको लुगा लगाएर चौंथो पटक महा पवित्र स्थानमा प्रवेश गर्छन् (मिश्नाह, हाम्रो पैत्रिक सम्पत्तिको, पुस्तक) ।**

**(४) उद्धारको ऐतिहासिक महत्व**

**① येशू क्रूशमा मर्नुहुँदा, महा पवित्र स्थान र पवित्र स्थानबिचको पर्दा च्यातिएको थियो ।**

**मत्ती २७:५०-५१** तब येशू फेरि ठूलो सोरले कराउनुभयो र आफ्नो आत्मा त्याग्नुभयो।
त्यसै घड़ी मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो, र जमिन काँप्न लाग्यो, र चट्टानहरू फुटे।
**हिब्रू १०:२०** हाम्रा निमित्त एउटा नयाँ र जीवित मार्ग उहाँले खोलिदिनुभयो, जसको कारण पर्दाद्वारा, अर्थात् उहाँको शरीरद्वारा भएर हामी भित्र पस्न सक्छौं।

**② क्रूसमा भएको उहाँको मृत्युमार्फत, येशूले एकै पटक सबैकालागि अनन्तको बलिदान हुनुभयो ।**

**हिब्रू ९:१२** बोका र बाछाहरूको रगतले होइन, तर आफ्नै रगतद्वारा अनन्त उद्धार प्राप्त गरिदिएर सधैंको निमित्त एकै पल्ट महापवित्र स्थानभित्र उहाँ प्रवेश गर्नुभयो।

**३. प्रधान पूजाहारीले शरण-नगरको शहरबाट छुटाउनु हुन्छ**

**(१) शरण-नगरको के हो ?**

**कसैले अजानमा कसैलाई मार्‍यो भने उ भागेर जान सक्ने ठाउँ ।**

> **यहोशू २०:२-३** "इस्राएलीहरूलाई भनिदे, मोशाद्वारा मैले तिमीहरूलाई भनेबमोजिम तिमीहरूले शरण–नगरहरू नियुक्त गर। भूलले वा अजानमा कसैले कसैलाई मार्‍यो भने सो ज्यानमारा भागेर त्यहाँ जाओस्, र ती सहरहरू हत्याको बदला लिनेहरूबाट शरणस्थान हुनेछन्।

**जब हामी अरुहरुलाई घृणा गर्छौं भने हामी पनि चालै नपाई हत्यारा हुन आउँछौं ।**

> **१ यूहन्ना ३: १५** आफ्नो दाजुभाइलाई घृणा गर्ने हरेक हत्यारा हो, र कुनै हत्यारासँग अनन्त जीवन रहँदैन भन्ने तिमीहरूलाई थाहै छ।

**(२) शरण-नगरलाई छाड्ने एउटै मार्ग**

→ प्रधान पूजाहारी मरेकै हुनुपर्छ ।

> **गन्ती ३५:२८** किनभने प्रधान पूजाहारीको मृत्यु नहोउञ्जेल त्यो सहरभित्र रहनुपर्नेथियो। प्रधान पूजाहारीको मृत्युपछि मात्र त्यो आफ्नै अधिकारको जग्गामा फर्कोस्।
>
> **यहोशू २०:६** अनि न्यायको निमित्ति समुदायको सामु खड़ा नभएसम्म, र त्यस समयको प्रधान पूजाहारीको मृत्यु नभएसम्म त्यो त्यही सहरमा बसिरहोस्। त्यसपछि त्यो ज्यानमारा आफ्नो घरमा आफ्नै सहरमा,जसबाट त्यो भागेको थियो, त्यही सहरमा जाओस्।"

**(३) उद्धारको ऐतिहासिक महत्व**

प्रधान पूजाहारी मरेको खण्डमा जो कोही फर्कन सक्छ । यसले हामीलाई यो देखाउँछ कि हामी पनि सबै पापहरुबाट स्वतन्त्र भईसकेका छौं र **स्वर्गको राज्य**मा फर्कन सक्छौं किनभने येशू हाम्रा प्रधान पूजाहारी क्रूसमा मर्नुभयो ।

> **यूहन्ना १४:१-३** "तिमीहरूको हृदय व्याकुल नहोस्। तिमीहरू परमेश्वरमाथि विश्वास गर्दछौ, ममाथि पनि विश्वास गर। 2 मेरा पिताको घरमा बस्ने ठाउँहरू धेरै छन्। त्यसो नभए, के म तिमीहरूलाई भन्नेथिएँ र, कि तिमीहरूका निमित्ति ठाउँ तयार पार्न म गइरहेछुरु 3 अनि गएर मैले तिमीहरूका निमित्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।
>
> **हिब्रू १०:२१-२२** परमेश्वरको घरानामा हाम्रा एक जना महान् पूजाहारी हुनुभएको हुनाले, हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं।

**निचोडः प्रधान पूजाहारीको वंशावलीमा ७७ पुस्ताहरु छन्**

**(१) प्रधान पूजाहारीको वंशावलीका ७७ पुस्ताहरु**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| हारुन[1] | एलाजार[2] | पिनहास[3] | अबीशू[4] | बुक्की[5] | उज्जी[6] | जरयाह[7] |
| मरायोत[8] | अमर्याह[9] | अहीतूब[10] | सादोक[11] | अहिमास[12] | अजर्याह[13] | योहानान[14] |
| अजर्याह[15] | अमर्याह[16] | अहीतूब[17] | सादोक[18] | शल्लूम[19] | हिल्कियाह[20] | अजर्याह[21] |
| सरायाह[22] | यहोसादाक[23] | यहोशू[24] | योयाकीम[25] | एल्यासीब[26] | योयाद[27] | योहानान[28] |
| यदूअ[29] | ओनिआस ।[30] | सिमोन ।[31] | एलाजार[32] | मनश्शे[33] | ओनिआश ॥[34] | सिमोन ॥[35] |
| ओनिआस ॥।[36] | जेसन[37] | मेनिलाउस[38] | अलसिमस[39] | जोनाथन अप्फूस[40] | सिमोन ॥। थस्सी[41] | यूहन्ना हेर्कानस ।[42] |
| अरिस्तोबलस ।[43] | अलेक्जेण्डर जान्नेउस[44] | हेर्कानस ॥[45] | अरिस्तोबलस ॥[46] | हेर्कानस ॥[47] | एन्टीगोनस[48] | अनानेल[49] |
| अरिस्तोबलस ॥।[50] | अनानेल[51] | येशू[52] | सिमोन[53] | मतियास[54] | योसार[55] | एलाजर[56] |
| येशू[57] | योसार[58] | अन्नास[59] | इश्माएल[60] | एलाजर[61] | सिमोल[62] | योसेफ कैफास[63] |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जोनाथन[64] | थियोफिलस[65] | सिमोन केन्थेरस[66] | मतियास[67] | एलियोनस[68] | जोसिफस[69] | अनानिआस[70] |
| इस्माएल[71] | योसेफ कबि[72] | अन्नास ॥[73] | येशू[74] | येशू[75] | मतियास[76] | पनियास[77] |

**(२) येशू, प्रधान पूजाहारीको वंशावलीमा भएका पुस्ताहरु (लूका ३:२३-२८)**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| येशू[1] | योसेफ[2] | एली[3] | मत्तात[4] | लेवी[5] | मल्की[6] | यान्ना[7] |
| योसेफ[8] | मत्ताथियास[9] | आमोस[10] | नहूम[11] | इसली[12] | नग्गै[13] | माथ[14] |
| मत्ताथियास[15] | सेमै[16] | योसेख[17] | योदा[18] | योआनन[19] | रेसा[20] | यरुबाबेल[21] |
| शालतिएल[22] | नेरी[23] | मल्की[24] | अद्दी[25] | कोसाम[26] | एलमादम[27] | एर्[28] |
| यहोशू/येशू[29] | एलीएजर[30] | योरीम[31] | मत्तात[32] | लेवी[33] | शिमियोन[34] | यहूदा[35] |
| योसेफ[36] | योनान[37] | एल्याकीम[38] | मलेआ[39] | मिन्ना[40] | मत्ताथा[41] | नातान[42] |
| दाऊद[43] | यिशै[44] | ओबेद[45] | बोआज[46] | सल्मोन[47] | नहशोन[48] | अम्मीनादाब[49] |
| आराम[50] | हेस्रोन[51] | फारेस[52] | यहूदा[53] | याकूब[54] | इसहाक[55] | अब्राहम[56] |
| तेरह[57] | नाहोर[58] | सरुग[59] | रऊ[60] | पेलेग[61] | एबेर[62] | शेलह[63] |
| केनान[64] | अर्पक्षद[65] | शेम[66] | नोआ[67] | लेमेख[68] | मतूशेलह[69] | हनोक[70] |
| येरेद[71] | महलालेल[72] | केनान[73] | एनोश[74] | शेत[75] | आदम[76] | परमेश्वर[77] |

**(३) उद्धारको व्यवस्था**

① मल्कीसेदेकको दर्जा अनुसार येशू अनन्तको प्रधान पूजाहारी हुनुहुन्छ ।

> **हिब्रू ६:२०** जहाँ हाम्रा पक्षमा अग्रदूत भएर मल्कीसेदेकको दर्जाअनुसार येशू प्रधान पूजाहारी भई प्रवेश गर्नुभएको छ।
>
> **भ.सं. ११०:४** परमप्रभुले शपथ खानुभएको छ, र आफ्नो मन बदल्नुहुनेछैन, "मल्कीसेदेकको दर्जाबमोजिम तिमी सधैँभरिको निम्ति पूजाहारी हौ।"

② प्रधान पूजाहारीले सबै इस्राएलीहरुको प्रतिनिधित्व गर्थ्यो भने त्यसको काम भनेकै बत्तीको रुपमा परमेश्वरको वचन मार्फत ठीक तरीकाले मानिसहरुलाई अगुवाई गर्नु थियो । यद्यपी, धेरै जसो प्रधान पूजारीहरुले यो जिम्मेवारी पूरा गरेनन् ।

> **लेवी २४:३-४** भेट हुने पालमा गवाहीको पर्दादेखि बाहिर परमप्रभुको सामु साँझदेखि बिहानसम्म हारूनले ती बत्तीहरू निरन्तर देखरेख गरोस्। यो तिमीहरूका पुस्तौँ-पुस्तौँका लागि अनन्तको विधि होस्। ४ त्यसले परमप्रभुको सामुन्ने निरन्तर निखुर सुनको पानसमा भएका बत्तीहरू देखरेख गरोस्।

③ येशूको समयमा प्रधान पूजाहारीहरुले येशू, जो साँचो प्रधान पूजाहारी हुनुहुन्छ, उहाँको गवाही दिनुपर्थ्यो, तर विडम्बना, उनीहरुले येशूलाई क्रूशमा मार्न अहं भूमिका खेले ।

> **मत्ती १६:२१** उहाँ कसरी यरूशलेममा जानुपर्छ, र धर्म-गुरु र मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट धेरै कष्ट भोग्नुपर्छ, मारिनुपर्छ र तेस्रो दिनमा जीवित भइउठ्नुपर्छ भनी उहाँले त्यस बेलादेखि आफ्ना चेलाहरूलाई बताउन थाल्नुभयो।
>
> **मर्कूस १५:१०** किनकि ईर्ष्याले गर्दा नै मुख्य पूजाहारीहरूले येशूलाई उनीकहाँ सुम्पेका हुन् भनी उनलाई थाहा थियो।
>
> **मत्ती २७:२०** तर मुख्य पूजाहारीहरू र धर्म-गुरुहरूले बारब्बालाई छोडिदिने र येशूलाई मृत्युदण्ड दिने माग गर्न भनी मानिसहरूलाई सुऱ्याए।
>
> **मत्ती २७:४१** मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरू र धर्म-गुरुहरूका सँगसँगै उहाँको गिल्ला गर्दै भने, ।

> **मत्ती २७:१४** तिनीहरूलाई छोडिदेओ, ती अन्धा अगुवाहरू हुन्। अन्धाले अन्धालाई डोऱ्यायो भने, ती दुवै खाल्डोमा पर्नेछन्।"

**भ.सं. ११९:१८** <u>मेरा आँखा खोलिदिनुहोस्</u>, र म तपाईंको व्यवस्थाका उदेकका कुराहरू देख्न सकूँ।
**१ कोरिन्थ २:१०** परमेश्वरले हाम्रा निमति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ। <u>किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा–गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ</u>।

**प्रकाश १०:२** तिनको हातमा खोलिराखेको <u>एउटा सानो चर्मपत्रको मुट्ठो</u> थियो। तिनले आफ्नो दाहिने खुट्टा समुद्रमा र देब्रे खुट्टा जमिनमा राखे।
**प्रकाश १०:८-११** तब स्वर्गबाट मैले सुनेको आवाजले मलाई फेरि यसो भन्यो, "जाऊ, समुद्र र जमिनमा उभिने दूतको हातमा भएको <u>खुला चर्मपत्रको मुट्ठो लेऊ</u>।" ९ अनि म स्वर्गदूतकहाँ गएँ र त्यो सानो चर्मपत्रको मुट्ठो मागें। अनि तिनले मलाई भने, "<u>यो लेऊ, र खाऊ</u>। यसले तिम्रो पेट अमिलो गराउनेछ, तर तिम्रो मुखमा चाहिँ त्यो महजस्तै गुलियो हुनेछ।" १० मैले ती <u>स्वर्गदूतको हातबाट त्यो सानो चर्मपत्रको मुट्ठो लिएँ, र खाएँ</u>। मेरो मुखमा त्यो महजस्तै गुलियो भयो। तर त्यो खाएपछि मेरो पेट अमिलो भयो। ११ तब मलाई यो भनियो, "तिमीले धेरै मानिसहरू, जातिहरू, भाषाहरू र राजाहरूका विषयमा <u>फेरि अगमवाणी बोल्नुपर्नेछ</u>।"

Institution Centered on the Word of Redemptive History

# Berit Theological Seminary And Graduate School

Berit (בְּרִית) means *covenant* in Hebrew. We have been given the calling to the pass on the covenant of the history of redemption in this age. Our online courses are affordable and designed for the busy student who is in ministry. BTS provides world-class Christocentric, Redemptive-historical lectures for church leaders that are accessible anywhere in the world and at any time of day.

## *Our Campuses*

**Korea Campus** *Available languages: Korean, English, Chinese, Indonesian*

- **Website** e.berit.kr
- **WhatsApp/WeChat** +82-10-8695-0299
- **Tel** +82-2-2678-6464
- **E-mail** berit6464@daum.net
- **Fax** +82-2-2678-6446
- **Address** 5F, Huisun B/d, 159, Dangsan-ro, Yeongdeungpo-gu, Seoul, Republic of Korea

**US Campus** *Available Languages: English, Spanish*

- **Website (English)** berit.us
- **Website (Spanish)** berit.us/es/
- **Tel/WhatsApp (English)** +1-516-633-6271, **WhatsApp (Spanish)** +1-863-242-0779
- **Email** admin@berit.us
- **Facebook (English)** www.facebook.com/berittheologicalseminary
- **Facebook (Spanish)** www.facebook.com/seminariotheologicoberit
- **Address** 4156 E. Oglethorpe Hwy, Hinesville, 31313, Georgia, USA

* USA only

## *Online Programs*

*Study Anywhere Online at Affordable Costs*

**Korea e.berit.kr / USA berit.us**

| Program | | # of Years | Admission Requirements |
|---|---|---|---|
| Bachelor of Biblical Studies (B.B.S) | | 2 years | High school diploma |
| Master's | Biblical Studies (M.B.S) | 2 years | Bachelor's degree |
| | Divinity (M.Div) | 2 years (Korea)<br>3 years (USA) | |
| Doctoral | Biblical Studies (D.B.S) | 2 years | M.B.S or M.Div degree from Berit |
| | Ministry (D.Min) | | M.Div degree from Berit or the equivalent from other accredited institutions |
| Transfer to Ivy Christian College, USA | | Can Vary | For those who wish to obtain a Bachelor's degree |
| Transfer Courses for All Programs | | 1 year | Contact school |
| Certificate in Mastering Redemptive History NEW! | | 1 year | For those who wish to learn the history of redemption |

### Admission Requirements

1. Application form
2. Diploma or proof of the highest level of education
3. A Letter of Recommendation
4. Transcript (Relevant for transfer students)
5. Submission Method: E-mail, Fax, Mail, Online

# History of Redemption *(Heilsgeschichte)*, the Overarching Theme That Opens Up the Bible

The Bible was written for the salvation of mankind. When we view every narration in the 66 books of the Bible through the overarching theme of "God's history of salvation," our eyes will be opened to the God's profound will therein.



**Dr. Bruce K. Waltke**

- World-renowned Old Testament Scholar
- NASB, NIV Translation Committee Member
- Professor Emeritus, Regent College
- Professor Emeritus, Knox Theological Seminary
- Former Professor, Westminster Theological Seminary
- Former Professor, Dallas Theological Seminary

"The greatest tradition of the 2,000-year church history is biblical research and prayer. Rev. Park's ministry has been very faithful to this tradition. I'm very impressed with his ministry and I just delight in his emphasis on the Word of God. Basically, the History of Redemption series was good. I am very impressed with his knowedlge of the Bible and his sound theology.

The author's evangelical faith is shown through the series and should be required to be read by many pastors in America."



"Just as God trained Apostle Paul in Arabia for 3 years before He used him, God trained Rev. Abraham Park in Mt. Jiri for 3 years in order to use him throughout the world."

**Dr. Warren A. Gage**

- Professor Emeritus of Old Testament, Knox Theological Seminary



**Author's Profile**

- Born in Sariwon, Hwanghe-do, Korea
- B.A. in Corporate Management from Kookmin University
- M.Div. from the Presbyterian General Assembly Theological Seminary
- Honorary D. Min. from Lael College and Graduate School
- Honorary D.D. from Faith Theological Seminary
- Honorary D.D. from Knox Theological Seminary
- Former Moderator of the Hap-dong Conservative General Assembly of the Presbyterian Church in Korea

"Dr. Abraham Park helps us to understand the Bible saying that when we follow the Word, we can obtain eternal life and shine brightly like the lamp. His books are the result of extraordinary studies of the Bible."



**Dr. Norman Manohar**

- President of Faith Theological Seminary



**Dr. Frank A. James III**

- Professor of Historical Theology
- President of Biblical Theological Seminary
- Former President of Reformed Theological Seminary

"One simply cannot overstate the importance of Genesis as the foundational paradigm for all Christian thinking. Dr. Abraham Park is to be congratulated for his important and worthy contribution to our understanding of this foundational book. He carefully considers the 10 genealogies of Genesis and employs these genealogies to reveal the core of God's work of redemption in history, which find their ultimate expression in the work of Jesus Christ.
Dr. Abraham Park's book is a journey worth taking. I heartily recommend this insightful work. Read it, study it, pray over it, and then put its wisdom into your life and ministry!"

# SINGAPORE

## HISTORY OF REDEMPTION SEMINAR